मधेश प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

जनकपुरधाम, धनुषा, नेपाल

पत्र संख्याः २०८२।०८३
च.नं.: 860

मितिः २०८२।१०।२९

विषय- स्थानीय तहको पद दर्ता सम्बन्धमा ।

श्री सबै ( १३६ ) स्थानीय तहहरु,

मधेश प्रदेश ।

प्रस्तुत विषयमा मिति २०८२।०७।२६ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय किताबखाना (निजामती) र प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशबीच प्रदेश तथा स्थानीय सेवा (अन्य सेवा समेत) को कर्मचारी सूचना प्रणाली (PIS Portal) पहुँच हस्तान्तरण सम्बन्धी समझदारीपत्र (MOU) मा हस्ताक्षर भएको व्यहोरा अनुरोध छ। स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ७ को उपदफा (४) बमोजिम स्थानीय तहले पद दर्ताको लागि प्रदेश किताबखानामा पठाउँदा स्थानीय तहको कार्यपालिकाको निर्णयको प्रतिलिपि, प्रस्तावित सङ्गठन संरचना एवम् दरबन्दी तेरिजको एक-एक प्रति र प्रदेश किताबखानाबाट उपलब्ध हुने पद दर्ता फाराम चार प्रति भरी प्रमाणित गरी पठाउनु पर्ने व्यवस्था रहेको छ। सो बमोजिम मधेश प्रदेश अन्तर्गतको स्थानीय तहको पद दर्ता फारम मिति २०८२/१०/२८ गते मधेश प्रदेश सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत भएकोले सो फाराम यसैसाथ संलग्न राखी पठाइएको छ। अत: स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ६ बमोजिम प्रक्रिया पुरा गरी संलग्न फाराम अनुसार प्रमाणित गरी पद दर्ता गराउनुहुन यो सूचना प्रकाशन भएको मितिले तीन महिनाभित्र प्रदेश किताबखानामा पठाउनुहुन आदेशानुसार अनुरोध छ।

२०८२/१०/२९

(नीरज श्रीवास्तव)

शाखा अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासनःविकास,समृद्धि र सुशासन"
ईमेल- ocmcm@p2.gov.np /

CS Scanned with CamScanner